
नेपाल सरकार
शिक्षा मन्त्रालय

UNESCO
United Nations
Educational, Scientific and
Cultural Organization
Kathmandu
Office

UNFPA
संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोष

UN WOMEN




# सघन तथा बृहत यौनिकता शिक्षा एवं सुरक्षित सिकाइ वातावरणको प्रावधानमार्फत् नेपालका किशोरी तथा युवा महिलाहरूको सशक्तीकरण

शिक्षामार्फत् किशोरी तथा युवा महिला
सशक्तीकरणका लागि युनेस्को, युएनएफपिए
र युएन वुमनको संयुक्त कार्यक्रम अन्तर्गतको परियोजना

युनेस्को काठमाडौंद्वारा सन् २०१६ मा प्रकाशित
सानेपा-२, ललितपुर
इमेलः kathmandu@unesco.org
फोनः +९७७-१-५५५४३९६
फ्याक्सः +९७७-१-५५५४३९६
www.unesco.org/kathmandu
www.facebook.com/unescokathmandu

© युनेस्को, सन् २०१६

यो प्रकाशन Attribution-ShareAlike 3.0 IGO (CC-BY-SA 3.0 IGO) लाईसेन्स (http://creativecommons.org/licenses/by-sa/3.0/igo/) अन्तर्गत खुला पहुँच (ओपन–एक्सेस) मा उपलब्ध छ। यो प्रकाशन प्रयोग गरेपछि प्रयोगकर्ताले युनेस्कोको ओपन एक्सेस रिपोजिटरी (http://www.unesco.org/open-access/terms-use-ccbysa-en) का शर्तहरू पालना गर्न सहमत भएको मानिने छ।

यस प्रकाशन मार्फत कुनै पनि राज्य, भूभाग, शहर वा क्षेत्र अथवा त्यसका अधिकारीहरू, वा त्यस भूभाग तथा क्षेत्रसँग सम्बन्धित कानूनी अवस्था बारे प्रस्तुत गरिएका विचारहरू युनेस्काको आधिकारिक विचार होइनन्।

आवरण चित्रः © युनेस्को/मुकुन्द बोगटी

KAT/2016/PI/H2

नेपालमा मुद्रित



## यो परियोजना किन?

नेपालले प्राथमिक शिक्षामा सबै बाल बालिकालाई सामेल गर्ने लक्ष्य लगभग हासिल गरि सकेको छ साथै प्राथमिक र माध्यमिक शिक्षामा लैङ्गिक समतातर्फ उल्लेख्य सुधार गरेको छ। तथापि, गुणस्तरीय शिक्षाको पहुँचमा पुग्न, त्यसमा  सहभागी हुन र शिक्षा पूरा गर्न युवा महिला र किशोरीहरूका लागि अझ पनि निकै धेरै चुनौतीहरू रहेका छन् । माथिल्लो कक्षामा पुग्दै जाँदा छात्राले बिचैमा विद्यालय छोड्ने प्रवृत्ति रहेको छ। प्राय: शिक्षा प्रणाली र योजनाहरूले लैङ्गिक मुद्दालाई सम्बोधन गर्न सकेका छैनन् । साथै, तिनीहरूमा बालिका र महिलाका आवश्यकताप्रति ध्यान दिइएको पाइँदैन । शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने भनिए तापनि सामाजिक/सांस्कृतिक मूल्य मान्यताहरूले यसमा बाधा पुऱ्याइ रहेको पाइन्छ। किशोरी र युवा महिलालाई शिक्षाको पहुँचबाट वञ्चित गराउने विविध सामाजिक-सांस्कृतिक, आर्थिक र अन्य तत्त्वहरूमध्ये बाल विवाह र छिटो गर्भाधारण, लैङ्गिक हिंसा, ज्ञानको कमी र उचित सरसफाइको असुविधा जस्तै पानी, सरसफाइ र स्वास्थ्य (Water, Sanitation and Hygiene – WASH) सामग्रीको अभाव रहेका छन् ।

किशोरी र महिला शिक्षामा सम्पूर्ण र विस्तृत पद्धति अवलम्बन गर्नुपर्ने खाँचो छ । पानी, सरसफाइ र स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्नु, सरोकारवालाहरूमा सचेतना जगाउनु र बहस पैरवी गर्नु, सामाजिक-आर्थिक नीतिहरू सुदृढ गर्नु र परम्परागत सामाजिक मूल्य मान्यताले पारेका अप्ठ्याराहरूसँग जुध्नु लगायतका उपयुक्त वातावरण सिर्जना गर्नु पनि उत्तिकै आवश्यक छ । यस्तो वातावरण सिर्जना गरेमा शैक्षिक नीति, योजना, शिक्षण सिकाइ क्रियाकलाप, पाठ्यक्रम र विद्यालय वातावरणमा लैङ्गिक मूलप्रवाहीकरणमार्फत् शिक्षाको गुणस्तर सुधार गर्ने प्रयासमा बल पुग्दछ । यसले गर्दा तिनीहरू बालिका तथा युवा महिलाका निम्ति सान्दर्भिक हुन्छन् र उनीहरूको सशक्तीकरण हुन सक्दछ । यसबाट किशोरीहरूलाई विद्यालयमा टिकिरहन र विद्यालय शिक्षा पूरा गर्न पनि मद्दत पुग्दछ ।

# शिक्षामार्फत् किशोरी तथा युवा महिला सशक्तीकरणका लागि युनेस्को-युएनएफपिए-युएन वुमनको संयुक्त कार्यक्रम

युनेस्को-युएनएफपिए-युएन वुमनको संयुक्त कार्यक्रम संयुक्त राष्ट्र सङ्घका तीन ओटा निकाय – संयुक्त राष्ट्र सङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को/UNESCO), लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि संयुक्त राष्ट्र सङ्घीय निकाय (युएन वुमन/UN Women) र संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोष (युएनएफपिए/UNFPA) – र विश्व बैंकका प्रमुखहरूले सन् २०१५ को मार्चमा आयोजित महिलाको अवस्थासम्बन्धी आयोगको ५९ औं सत्रमा संयुक्त रूपमा घोषणा गरेका थिए । उक्त सम्मेलनमा उनीहरूले शिक्षामा एकीकृत पद्धति अवलम्बन गरी किशोरी र युवा महिला सशक्तीकरणलाई प्रवर्धन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । सो संयुक्त कार्यक्रम शिक्षा, लैङ्गिक समानता र उचित स्वास्थ्यमा एकीकृत पद्धति अपनाउँदा किशोरी र युवा महिलाको सशक्तीकरण हुने मात्र नभई यसले गरिबीको दुष्चक्र अन्त्य गर्दै विस्तृत सामाजिक न्याय, आर्थिक विकास र दिगो शान्तिको प्रवर्द्धन गर्न सक्छ भन्ने विश्वासको प्रतिफल हो ।

यो संयुक्त कार्यक्रम सन् २०११ मा युनेस्कोकी महानिर्देशक इरिना बोकोभाले सुरु गरेको बालिका र महिला शिक्षाका लागि विश्वव्यापी साझेदारी: सुन्दर जीवन, समुन्नत भविष्य (Global Partnership for Girls' and Women's Education: Better Life, Better Future) अन्तर्गतको कार्यक्रम हो । यसले किशोरी तथा महिलाका लागि सिकाइका अवसर वृद्धि गर्ने र उनीहरूको शिक्षामा देखिएका चुनौती तथा बाधा अड्चन अन्त्य गर्ने नवीनतम उपायहरूको खोजी गर्दछ ।

नेपाल विश्वव्यापी संयुक्त कार्यक्रमको पहिलो चरण लागू भएका छ ओटा देशहरु मध्ये एक हो । नेपालमा बाहेक यो कार्यक्रम माली, नाइजर, पाकिस्तान, दक्षिण सुडान र तान्जानियामा पनि लागू गरिएको छ । नेपालका लागि तय गरिएको राष्ट्रिय कार्यक्रम विश्वव्यापी संयुक्त कार्यक्रमका लक्ष्य तथा उद्देश्यहरूद्वारा निर्दिष्ट छ ।



**शिक्षामार्फत् किशोरी तथा युवा महिला सशक्तीकरणका लागि साझेदारी**

बायाँबाट दायाँतर्फ: युएन वुमनका उप-कार्यकारी निर्देशक यानिक ग्लेमारेक, युनेस्कोकी महानिर्देशक इरिना बोकोभा र संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोषका कार्यकारी निर्देशक डा. बाबाटुन्डे ओसोटोमेहिन । (फोटो: © युएन वुमन/रेन ब्राउन)

## हामी के हासिल गर्न चाहन्छौं?

नेपालमा यो कार्यक्रमको निम्न चार ओटा प्रमुख उद्देश्यहरू रहेका छन्:

- विद्यालयसँग सम्बन्धित लैङ्गिक हिंसा लगायत सघन तथा बृहत यौनिकता शिक्षालाई औपचारिक तथा अनौपचारिक शिक्षाको मूलधारमा ल्याउने;
- शिक्षा र कार्यमूलक साक्षरता (Functional Literacy) मा विशेष गरी किशोरी र युवा महिलाको पहुँच, सहभागिता, ट्रान्जिसन (Transition) र उपलब्धि सुदृढ गर्ने;
- विद्यालय बाहिर रहेका र सङ्कटासन्न अवस्थामा रहेका किशोरी र युवा महिलाहरूको यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी जानकारी, सेवा, जीवनोपयोगी सिप र सम्बन्धित अन्य कार्यक्रमहरूमा पहुँच वृद्धि गर्ने; तथा
- स्वस्थ खानेकुरा, सफा पानी र सरसफाइ, सेवा प्रवाह संयन्त्र र अनुकुल सामाजिक अभिवृत्तिमा सुधार गरी समग्रमा सुरक्षित र स्वस्थ वातावरण सिर्जना गर्ने ।

यो परियोजनाले अनौपचारिक शिक्षाका माध्यमद्वारा जीवन पर्यन्त सिकाइको प्रवर्द्धन तथा लैङ्गिक समानताको सम्बोधन गरी दिगो विकास लक्ष्य (एसडिजी) ४: "सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवन पर्यन्त सिकाइलाई प्रवर्द्धन गर्ने" हासिल गर्ने दिशामा महत्त्वपूर्ण योगदान दिनेछ । यो परियोजनाले एसडिजी ३: "स्वस्थ जीवन सुनिश्चित गर्ने र सबै उमेरका सबै मानिसको कल्याणको प्रवर्द्धन गर्ने", एसडिजी ५: "लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरूको सशक्तीकरण गर्ने", र एसडिजी ६: "सबैका लागि सफा पानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने" का लक्ष्यहरू पनि प्राप्त गर्न सहयोग गर्नेछ ।

यो परियोजनाले विद्यालय क्षेत्र सुधार योजना (SSRP), विद्यालय क्षेत्र विकास योजना (SSDP), किशोर-किशोरीको सम्पूर्ण विकासका लागि राष्ट्रिय कार्य योजना, विद्यालय स्वास्थ्य तथा पोषणसम्बन्धी राष्ट्रिय रणनीति, किशोर-किशोरीको स्वास्थ्य तथा विकाससम्बन्धी राष्ट्रिय रणनीति, राष्ट्रिय प्रजनन् स्वास्थ्य रणनीतिलगायत विभिन्न महत्त्वपूर्ण राष्ट्रिय नीति तथा योजनाहरूमा उल्लेख गरिएका राष्ट्रिय प्रयासहरूमा उल्लेख्य सहयोग गर्नेछ ।

## हामी हाम्रो लक्ष्यमा कसरी पुग्छौं?

यो परियोजनालाई दुई ओटा माध्यमबाट कार्यान्वयन गरिने छः

**औपचारिक शिक्षा** जसमा विद्यालय जाने किशोरीहरू तथा तिनका शिक्षकहरूलाई लक्षित गरिने छ;

**अनौपचारिक शिक्षा** जसमा सामुदायिक अध्ययन केन्द्र र समुदायमा आधारित कार्यक्रमहरू मार्फत विद्यालय बाहिर रहेका किशोरीहरू (१०-१९ वर्ष उमेर समूह), युवा महिला (२०-२४ वर्ष उमेर समूह) का साथै समुदायका सदस्यहरूलाई लक्षित गरिने छ।

नेपालमा हुने यस परियोजनाले संयुक्त राष्ट्र सङ्घका तीन ओटा साझेदार निकाय – युनेस्को, युएन वुमन र युएनएफपिएलाई एक साथ जुटाएको छ। यी तीन ओटा निकायका आ–आफ्नै किसिमका तुलनात्मक विशेषताको सदुपयोग गर्दै यस परियोजनाले परस्पर सहयोगका माध्यमबाट लाभान्वित हुने प्रयास गरेको छ। यी निकायहरूमा उपलब्ध स्रोत साधन र कार्यक्रम सम्बन्धि अनुभवको यस परियोजनाले भरपुर उपयोग गर्नेछ।

सरकारी निकाय तथा अन्य प्रमुख सरोकारवालाहरुको क्षमता विकास सम्बन्धि परियोजनाको दरिलो पक्षले उपलब्धिको दिगोपन सुनिश्चित गर्नेछ।

## को हुन् हाम्रा साझेदारहरू?

राष्ट्रिय स्वामित्व र दिगोपन सुनिश्चित गर्न शिक्षा विभाग (DoE), पाठ्यक्रम विकास केन्द्र (CDC), शैक्षिक जनशक्ति विकास केन्द्र (NCED) र अनौपचारिक शिक्षा केन्द्र (NFEC) जस्ता शिक्षा मन्त्रालय (MoE) अन्तर्गतका विभिन्न निकायहरुसँग सहकार्य गरी यो परियोजनाको कार्यान्वयन गरिने छ। यसका साथै कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अन्य सम्बन्धित सरकारी निकायहरू जस्तै स्वास्थ्य मन्त्रालय (MoH), महिला, बाल बालिका तथा समाज कल्याण मन्त्रालय (MoWCSW), नागरिक समाजसम्बद्ध संघ–संस्थाहरू, गैर–सरकारी अभियन्ता र विभिन्न क्षेत्रका सरोकारवालाहरूलाई पनि (विस्तारित) साझेदारहरूका रूपमा परिचालन गरिने छ।

## परियोजना कहाँ कार्यान्वयन हुन्छ?

यो परियोजना त्यस्ता जिल्लाहरूमा लक्षित गरिने छ जहाँ किशोरी तथा महिलाहरू सामाजिक र आर्थिक रूपमा सिमान्तकृत छन् र सफा पानी, सरसफाई, स्वास्थ्य सेवा तथा अन्य आधारभुत आवश्यकताहरूसँग उनीहरुको सहज पहुँच छैन, जसका कारण उनीहरु गुणस्तरीय शिक्षाको अवसरबाट वञ्चित हुनु परेको छ ।



## को-को लाभान्वित हुन्छन्?

विद्यालयमा अध्ययनरत वा विद्यालय बाहिर रहेका तथा विशेषगरि सामाजिक र आर्थिक कारणबाट सिमान्तकृत किशोरी र युवा महिलाहरु यस परियोजनाबाट लाभान्वित हुनेछन् ।

सरकारी कर्मचारी, प्रधानाध्यापक, शिक्षकहरु, सामुदायिक अध्ययन केन्द्रका सहजकर्ता, हाल सञ्चालनमा रहेका विभिन्न बालिका सम्बन्धी कार्यक्रमका सहकर्मी शिक्षक, किशोर र युवाहरु, अभिभावक तथा समुदायका सदस्यहरु पनि विभिन्न चेतनामूलक गतिविधि, अभिमुखिकरण र तालिम कार्यक्रमहरू मार्फत लाभान्वित हुनेछन् ।



विस्तृत जानकारीका लागि

Kathmandu Office

United Nations
Educational, Scientific and
Cultural Organization

**युनेस्को काठमाडौं**
शिक्षा एकाई
सानेपा–२, ललितपुर, नेपाल
इमेलः tr.pant@unesco.org